'शुद्ध बुद्ध ऋषि मन समृद्ध नगर सुखि नगरबासी हाम्रो अभियान'

# लुम्बिनी साँस्कृतिक बुलेटिन

लुम्बिनी साँस्कृति नगरपालिका, रुपन्देहीको मासिक प्रकाशन

वर्ष: २०७८ अंक: ३ महिना: कार्तिक

## मेयर (श्री मनमोहन चौधरी ज्यू) द्वारा भव्यताका रूपमा दशैं (दुर्गा पुजा) जनताको बिचमा रमाउँदै





मेयर (श्री मनमोहन चौधरी ज्यू) द्वारा भव्यताका रूपमा दशैं (दुर्गा पुजा)जनताको बिचमा रमाउदै । दुर्गा पूजा लाई दुर्गात्सावा वा शरोदोत्साव पनि भनिन्छ। यो भारतीय उपमहाद्वीपमा उत्पत्ति हुने एक वार्षिक हिन्दू पर्व हो । यस पर्वले हिन्दू देवी दुर्गाको श्रद्धा र श्रद्धा गर्दछ र महिषासुरमाथि दुर्गाको विजयका कारण पनि यो पर्व मनाइन्छ । यो विशेष गरी लोकप्रिय छ र परम्परागत रूपमा हिन्दूहरुले मनाउँछन् ।

लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तर्गतको खुनगाई,पडारिय, नन्दनगर, मनौरा, भगवानपुर, आमा,





सोनवल, भभई, बंजरही चौक, निपनियां, अजमा, तेनुहवां, लोहखडिया, मोगलहा, अधियारी, भैसहिया, एकला, परसा, महिलवार, महिलवरिया, लंकापुर, बुधनीपुर मा जनताको बिचमा दशैं (दुर्गा पुजा) मा पुजा गर्दै । समिति के सम्पूर्ण पदाधिकारियों लाई धन्यवाद व्यक्त गर्दछु सदै यहि तरिकाले दशैंको खुशी आदान प्रदान रहोस यो हिन्दु धर्म,साँस्कृतिक सदै अब्बल रहोस साथै सबै नगरवासिलाई सुख शान्तिको लागि भगवान संग प्रार्थना गर्दछु ।

# राजस्व संकलनमा फड्को मार्दै लुम्बिनी

राजस्व संकलनमा व्यापक फड्को मार्दै गत आ.व २०७७/०४/०१ देखि २०७७/०६/३१ को राजस्व वासुली रू. १९७१४८०/- (उन्नाईस लाख र यस आ.व २०७८/०४/०१ देखि २०७८/०६/३१ को राजस्व वासुली रू. ६४८३७९७.४६/- देखियो साथै गत आ.व भन्दा यो आ.व मा रू. ४५१२३१७/- राजस्व रकम वृद्धि भएको देखियो ।

# व्यवसाय दर्ता शिविर सम्पन्न



**भूपेन्द्र पाण्डेय**
**प्रमुख प्रशासकीय अधिकृत**

यस लुम्बिनी साँस्कृतिक नगरपालिका नगरकार्यपालिकाको कार्यालयको आयोजनामा मिति २०७८।०६।०१ देखि मिति २०७८।०६।१२ सम्म संचालित व्यवसाय दर्ता तथा नविकरण शिविर सफलता पूर्वक सम्पन्न भएको छ । यो अवधिमा उक्त शिविरबाट कुल २७६ नयाँ व्यवसायहरू दर्ता भएका छन्भने १२३ व्यवसायहरूको नविकरण गर्ने कार्य भएको छ । यस व्यवसाय दर्ता र नविकरण अभियानबाट कुल राजश्व रू १०,४४,२४८/- (अक्षरेपी दश लाख चौवालिस हजार दुई सय अड्चालिस रूपैयाँ) संकलन भएको छ । शिविर सञ्चालनमा सहभागि भएर कुशलतापूर्वक आफ्नो भूमिका निभाउने सम्पूर्ण जनप्रतिनिधी नगरवासी कर्मचारी एवं सूरक्षाकर्मीहरूलाई हार्दिक धन्यबाद दिँदै समस्त लाभान्वित व्यवसायीहरूलाई नगरकार्यपालिकाको कार्यालयले हार्दिक बधाई एवं उत्साहजनक सहभागिताको लागि हार्दिक धन्यबाद समेत व्यक्त गरेको छ । साथै नगरपालिकाले बस्तीस्तरमा सञ्चालित दर्ता शिविर मार्फत् दर्ता एवं नविकरण हुन छुट भएका व्यवसायहरूको अविलम्ब यस कार्यालयमा आएर व्यवसाय दर्ता एव् नविकरण गर्न गराउन समेत अनुरोध गरेको छ ।

लुम्बिनी साँस्कृतिक नगरपालिकामा व्यवसायीहरू अज्ञानताका कारण लामो समयदेखि व्यवसाय दर्ता गर्न सकेका थिएनन् । व्यवसायीहरूको व्यवसाय स्थलमा नै दर्ता र नवीकरण सेवा प्राप्त गर्न पाउँदा व्यवसायीहरू हर्षित् भएका थिए । यस शिविरबाट व्यवसायीहरूको व्यवसायले वैधानिकता प्राप्त गरेको छ भने नगरपालिकाको करको दायरा समेत विस्तार भएको छ ।

# सम्पादकीय

## चाडै पर्वहरूमा दशैं र तिहार

बिहानी पखको पारिलो अमृतमय सरदिय किरण एवं सन्ध्याकालिन मन्द चिसो । निर्मल आकाश तथा सयपत्री र मखमली जस्ता रंगीचंगी फूलले सुशोभित धर्ती । ऋतु रानी शरद ऋतु । नेपाली हिन्दु संस्कृतिको धरोहर महान चाँडहरू दशैं र तिहारको उमंगले सुसज्जित ऋतु । हुन त यस पटकको वेमौसमी वर्षाले धेरै धनजनको क्षति समेत गरेकाले कृषकहरूकको मन कुँडिएको पनि छ ।

दशैं हाम्रो माझबाट एक बर्षको लागि विदा हुने तरखरमा छ भने शुभ दीपावलीको स्वागतको प्रतिक्षा । हाम्रा चाँड पर्वहरूमा धार्मिकता मात्र होइन, जीवनदायनी प्रकृती र अन्य प्राणीहरूसँगको अटुट नाता सम्बन्ध पनि पाइन्छ । प्रकृति जीवनदायिनी हो भने अन्य प्राणीहरू मानवका सारथी । यसको सम्मिलन विनाको निरपेक्ष मानव जीवन निरस र असम्भवप्राय: हुन्छ । मानवताको उत्कृष्ट रूप करूणा र आत्मियताको समिश्रण पाइन्छ, हाम्रा चाँड पर्वहरूमा । विश्वमा प्रेममय जीवन र जगतको नमुना प्रस्तुत गर्दछन । अझ नेपालमा चाँड पर्वहरू मनाउने मौलिक शैलीले यसको विशिष्ट पहिचान कायम गरेको छ ।

अहिले हामी तिहारको उज्यालोको पर्व तिहारको प्रतिक्षामा छौं । रंगीचंगी फूल, कृष्ण पक्षको अँधेरी रातमा झिलीमिली विद्युतीय प्रकाश, निधारमा सप्तरंगी टिका र सुनसान चकमन्न रातमा पनि देउसी भैलोको गुञ्जनले यस भू-खण्डलाई स्वर्णीम बनाउँदाको अनन्दक्षणको प्रतिक्षामा छौं । मुस्कानका रेखाहरू ओठमा मात्र होइन । हृदयमा बलेको दीपले सारा जगतलाई नै जाज्वल्यमान बनाएको छ ।

काग र कुकुरको समेत पूजा गर्ने प्रचलन भनेको यस जीवन र जगतका चराचर प्राणीहरू प्रतिको सम्मान हो । गाई र गोरूलाई हाम्रो गौमाता मात्र होइन कृषि युगिन सभ्यता देखिको सारथीको रूपमा पूज्ने संस्कृतिले हाम्रो आत्मियतालाई छताछुल्ल पार्दछ । धनधान्य कि देवी लक्ष्मीको पूजाले हाम्रो धार्मिक हृदय र भावनालाई उजागर गर्दछ । गोवर्दधन पूजा र फूलहरू प्रतिको लगावले स्वच्छ पर्यावरण र दिगो जीवनको अभिलाषा प्रकट गर्दछ । भाईटिकाले दाजुभाई र दिदीबहिनी बीच पारस्परिक स्नेह र सम्मानको गौरवमय सभ्यताको इतिहास बोकेको छ । देउँसी भैलोका भाकाहरूमा स्वाभिमान, आज्ञाकारिता र पवित्र हृदयको समिश्रण पाइन्छ । त्यसै आएको होइन, बलि राजाले पठाएको र आशिर्वचनले सिञ्चित भावनायूक्त शब्दले उक्त तथ्यहरू प्रष्फुटित गर्दछ ।

तिहारका अवसरमा सिस्नुपानी लगायतका संस्थाहरूले नेता र प्रशासकहरू समेतको उपस्थितीमा गर्ने देउँसी भैलो कार्यक्रमले राजनीतिक र प्रशासनिक विकृतिहरूको चिरफार गरी व्यंग्य प्रहार गर्दै विकास, समृद्धि र सुशासनको मार्गमा अग्रसर हुन नैतिक दबाव सिर्जना गर्नु यसको अर्को विशेषता हो । समयक्रममा देउसी भैलोमा हिन्दी, भोजपुरी लगायतका गीतहरूको समेत प्रश्रयले यसको मौलिकता स्खलित हुँदै गएको प्रतित हुन्छ ।

न्याय र आध्यात्मिक शक्तिको प्रतिक महान पर्व शुभ विजया दशमी २०७८ ले समस्त नेपाली जनमा सुख, प्रशन्नता, शालिनता, सत्चरित्रता र नैतिकता प्रदान गर्दै समृद्ध, समुन्नत र समतामूलक राष्ट्र निर्माण गर्ने शक्ति प्रदान गरोस । दम्भ, अहंकार, दुर्भावना र अन्याय माथि शालिनता र सद्भावले विजय प्राप्त गरोस । शुभकामना ।

शुभ दीपावलीले हृदय भित्रको मानवीय करूणाको दीप प्रज्वलित गर्न सकोस । मन र मस्तिष्कको अध्यारोलाई परास्त गरी सुन्दर र उज्वल भविष्य तर्फ प्रस्थान गर्ने ऊर्जा प्रदान गरोस । सम्पूर्ण जनमा शुभकामना ।

# सम्माननिय राष्ट्रपतिज्यु सँगको भेटघाट



लुम्बिनी र नेपाललाई बुद्ध जन्मस्थल र सर्वोच्च शिखर सगरमाथाको देश भनी अन्तर्राष्ट्रिय स्तरमा चिनाउने र विश्वभर बुद्धको शान्तिको सन्देश फैलाउने एवम् स्थानीय (पालिका) सरकार, प्रदेश सरकार र संघीय सरकारको अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क एवम् संस्थागत सम्बन्ध विस्तार गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने लुम्बिनी गार्डेन फाउन्डेसनको नीति, योजना तथा लुम्बिनी र नेपालको विशेष गरि पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, वातावरण र खेलकुद लगायतको क्षेत्रको विकासमा अन्तर्राष्ट्रिय अनुभव र सहयोगको आदानप्रदान गर्ने उद्देश्य अन्तर्गत विभिन्न कार्यक्रम हुँदै आएका छन सोही क्रममा बुद्धको शान्तिको सन्देश विश्व भर फैलाउन स्पेनको ऋबअभचभक शहरमा गराईने बुद्द मुर्ति सहितको लुम्बिनी गार्डेन प्रोजेक्टको काम र नेपालको पर्यटनको विकास गर्ने उद्देश्य अनुरूप लुम्बिनी सान्सकृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसनको पहल र प्रयासमा जेड धातुबाट बनेको बुद्ध मुर्ति म्यानमारको सहयोगमा हामीलाई प्राप्त भएको छ । सो बुद्ध मुर्ति गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा राख्ने योजना रहेको छ । यसै क्रममा लुम्बिनी सास्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसनले गर्न खोजेका कामहरू लगायत फाउन्डेसनका बिबिध गतिबिधि बारेमा सम्माननीय राष्ट्रपती बिद्यादेवी भण्डारीज्युलाई जानकारी गराउने अवसर प्राप्त हुनु हामी सबैको लागि खुशीको कुरा हो । सम्माननिय राष्ट्रपतिज्युबाट हामीलाई प्राप्त समय र हाम्रा कार्यक्रमका बारेमा बिशेष महत्व दिएर चासोका साथ ग्रहण गर्दै थप सकारात्मक उर्जा प्रदान गर्नु भएकोमा सम्माननीय राष्ट्रपतीज्यु प्रति हार्दिक आभार प्रकट गर्दछौं । लुम्बिनीको पर्यटन विकास लगायतका महत्त्वपूर्ण कार्यमा सबैबाट प्राप्त सहयोग प्रति हार्दिक धन्यवाद र आउँदा दिनमा पनि निरन्तर सहयोगको अपेक्षा राख्दछौं ।





# पर्यटनको विकासका लागि बैठक





Coviid– 19 बाट थला परेको लुम्बिनीको पर्यटन तथा होटल व्यसायलाई माथी उठाउन, बुद्धको शान्तिको सन्देश राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रचारप्रसार/फैलाउने र लुम्बिनीको पर्यटन प्रबर्द्धन एवम् विकास, पर्यटकको लुम्बिनी बसाई लम्ब्याउने लगायत विभिन्न विषयमा राष्ट्रिय सभाका सम्माननिय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्यु सङ्ग छलफल बैठक लुम्बिनी सम्पन्न भएको छ । बैठकमा लुम्बिनी होटल संघ नेपालका पदाधिकारीहरू अध्यक्ष मिथुनमान श्रेष्ठ, उपाध्यक्ष शेखर कार्की, महासचिव लीलामणि शर्मा पौडेल, सल्लाहकार हेम बिष्ट र होटल एवम् पर्यटन व्यवसायी राजेन्द्र श्रेष्ठ र लुम्बिनी साँस्कृतिक नगरपालिकाका समन्वय अधिकृत तुलसी राम लामिछानेको उपस्थिति रहेको थियो ।

# अस्पताल निर्माणका लागि प्रस्तावित जग्गाको निरिक्षण





राष्ट्रिय अन्तर्राष्ट्रिय सहयोगबाट लुम्बिनी साँस्कृतिक नगरपालिकाले अस्पताल निर्माणका लागि वडा न. १० मधुवनिमा प्रस्तावित गरेको छ सो जग्गाको निरिक्षण गर्नुहुँदै ।

१) नगर प्रमुख मनमोहन चौधरी
२) प्रमुख प्रशासकीय अधिकृत भुपेन्द्र पाण्डेय
३) लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका अध्यक्ष जोशे मानुवल भिनालोभा, उपाध्यक्ष गोविन्द सुबेदी, महासचिव एकराज गिरि
४) ईन्जिनियर राजेश कोहार
५) समन्वय अधिकृत तुलसी राम लामिछाने

**स्पेनिस डा. हरू**

1. Dr. Juan Marcos Ordenes González - Amigos de Bamenda.
2. Dr. José Ramon Fuentes Moran - Amigos de Bamenda
3. Dr. Yeniffer Tatiana Moreno Salazar - Amigos de Bamenda
4. Cecilia Raquel Rivas Urrutia (Nurse) - Amigos de Bamenda

# गौतम बुद्ध मुर्ति स्थापना तथा गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थल स्थापना कार्यक्रम





लुम्बिनी साँस्कृतिक नगरपालिका, सिद्धार्थनगर नगरपालिका, सिद्धार्थ उद्योग वाणिज्य संघ भैरहवा रूपन्देही, लुम्बिनी गार्डेन फाउन्डेसन नेपाल, लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन र लुम्बिनी होटल संघ लगायत सरोकारवालाहरूको समन्वय एवम् सहकार्य बैठक सिद्धार्थनगर उद्योग वाणिज्य संघ भैरहवाका अध्यक्ष भीष्म न्यौपानेको अध्यक्षता, लुम्बिनी साँस्कृतिक नगरपालिकाका प्रमुख मनमोहन चौधरी, सिद्धार्थनगर नगरपालिकाका प्रमुख हरि अधिकारी, Lumbini Garden Foundation Spain President Mr. Jose Manuel Vilanova Aleman, Lumbini Garden Foundation Spain का उपाध्यक्ष गोविन्द सुबेदीको बिशेष उपस्थितिमा सिद्धार्थ उद्योग वाणिज्य संघको कार्यालय भैरहवामा सम्पन्न भएको छ । बैठकमा लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसनको पहलमा प्राप्त Jade Stone धातुको बुद्ध मुर्तिको स्वागत र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवामा स्थापना एवम् अनावरण कार्यक्रमको व्यवस्थापन, पर्यटन, कृषि, स्वास्थ्य, शिक्षा, वातावरण र खेलकुद लगायतका क्षेत्रमा सरोकारवाला बिच सहकार्य, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सिद्धार्थ उद्योग वाणिज्य संघ र Caceres Chamber of Commerce, Spain बिच भगिनी सम्बन्ध कायम बारे छलफल निर्णय गरि बैठक सम्पन्न भएको छ । बैठकमा लुम्बिनी सास्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भुपेन्द्र पाण्डेय, Lumbini Garden Foundation Spain महासचिव एकराज गिरि, सिद्धार्थनगर उद्योग वाणिज्य संघका IPP Kul Prasad Neupane, Senior Vice President Thakur Prasad Sherestha, Udyog Vice President Dilip Kandu, Treasure एवम् लुम्बिनी होटल संघका अध्यक्ष Govinda Gyawali, Member Secretary Bijay Pandey, Secretary Dipendra Pradhan एवम् कार्य समितिका सदस्यहरू र कार्यालय सचिव र उपसचिव, लुम्बिनी होटल संघका निवर्तमान अध्यक्ष मिथुनमान श्रेष्ठ, लुम्बिनी होटल संघका वरिष्ठ उपाध्यक्ष लीलामणि शर्मा, लुम्बिनी साँस्कृतिक नगरपालिकाका समन्वय अधिकृत तुलसी राम लामिछाने र लुम्बिनी गार्डेन फाउन्डेसनका कार्यालय सचिव विश्व कार्की लगायतको उपस्थिति रहेको थियो । यस महत्वपूर्ण कार्यक्रमको सम्पुर्ण व्यवस्थापन र आयोजनाका लागि सिद्धार्थ उद्योग वाणिज्य संघ भैरहवा प्रति हार्दिक आभार प्रकट गर्दछौ ।



# स्वास्थ्य शिविरमा सहयोग गर्ने संस्था एवम् डा. हरुलाई सम्मान




लुम्बिनी सास्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसनको आयोजना, प्रादेशिक अस्पताल बुटवल, UCMS भैरहवा र स्पेनिस डा. हरूको प्राविधिक सहयोगमा लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्र (PHC) मा संचालित स्वास्थ्य शिविर मिति २०७८/०६/ १५-१८ सम्म र मिति २०८७/०६/१९ मा अप्रेसन कार्यमा प्रत्यक्ष सहभागी भै सेवा/कार्य गरे बापत निम्न डा. र नर्सहरूलाई सम्मानपत्र एवं मायाको चिनो प्रदान गर्नुहुदै नगर प्रमुख मनमोहन चौधरी

**Lumbini Garden Foundation स्पेनिस डा. हरू**

1. Lumbini Garden Foundation Nepal & Spain
2. Dr. Juan Marcos Ordenes González
3. Dr. José Ramon Fuentes Moran
4. Dr. Yeniffer Tatiana Moreno Salazar
5. Cecilia Raquel Rivas Urrutia (Nurse)

सो समारोहमा नगर प्रमुखज्युले नगरपालिकाको निमन्त्रणामा स्पेनबाट लुम्बिनी आई शिविर सन्चालन र बिरामीको अप्रेसनमा पुर्ण रूपमा सहयोग गर्ने सम्पुर्ण स्पेनिस डा. हरू र लुम्बिनी गार्डेन फाउन्डेसनलाई धन्यवाद दिनु भएको र आउँदा दिनमा पनि स्वास्थ्य क्षेत्रमा लुम्बिनी र स्पेनले सहयोग र सहकार्य गर्ने नगरपालिकाको योजना रहेको जानकारी गराउनु भएको थियो यसै क्रममा स्पेनिस डा. हरूले लुम्बिनीमा अस्पताल निर्माण र स्वास्थ्य क्षेत्रमा लुम्बिनी सास्कृतिक नगरपालिकालाई सहयोग र साथ दिने प्रतिबद्धता जाहेर गर्नुभएको थियो ।







# समन्वय, सहकार्य बैठक



लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेन/नेपाल र स्पेनिस डा. हरूका बीच स्वास्थ्य सम्बन्धि कार्यक्रममा समन्वय, सहकार्य र सहयोग सम्बन्धि बैठक बुटवलमा सम्पन्न भएको छ ।

लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसनको आयोजना, प्रादेशिक अस्पताल बुटवल, UCMS भैरहवा र स्पेनिस डा. हरूको प्राविधिक सहयोगमा लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्र (PHC) मा मितिः २०७८/०६/१५-१८ सम्म संचालित स्वास्थ्य शिविर कार्यक्रमका अप्रेसन गर्नु पर्ने बिरामिहरूको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा अप्रेसन कार्य एवम् समन्वय सहकार्य बैठक बुटवलमा सम्पन्न भएको छ । यस बैठक एवम महत्त्वपूर्ण कार्यमा सहयोग र साथका लागि लुम्बिनी प्रादेशिक अस्पताल र मे.सु. डा. इन्द्र ढकाल, पुर्व अस्पताल निर्देशक डा. राजेन्द्र खनाल, स्त्री रोग विशेषज्ञहर डा. बिष्णु गौतम, डा. रमेश पौडेल लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछौ ।

**आज बुटवलमा सम्पन्न बैठकमा सहभागीहरू**

१) लुम्बिनी अस्पताल निर्देशक डा. इन्द्र ढकाल ।

२) लुम्बिनी प्रादेशिक अस्पतालका

- क) पुर्व अस्पताल निर्देशक डा. राजेन्द्र खनाल ।
- ख) डा. सागर न्यौपाने ।

३) लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका महासचिव एकराज गिरि ।

४) लुम्बिनी सास्कृतिक नगरपालिकाका

- क) जनस्वास्थ्य अधिकृत युवराज घिमिरे ।
- ख) समन्वय अधिकृत तुलसीराम लामिछाने ।

५) स्पेनिस डा. हरू

1. Dr. Juan Marcos Ordenes González
2. Dr. José Ramon Fuentes Moran
3. Dr. Yeniffer Tatiana Moreno Salazar
4. Cecilia Raquel Rivas Urrutia (Nurse)

# नगरपालिकाले हेल्पडेस्क सञ्चालनमा ल्याउने

लुम्बिनी साँस्कृतिक नगरपालिकाले सेवाग्राहीको सहजताका लागि हेल्पडेस्क सञ्चालनमा ल्याउने भएको छ । हेल्प डेस्कका लागि भौतिक संरचना निर्माण कार्य सम्पन्न भइसकेको छ । नगरपालिकाले करिब एक लाख पचास हजारको लागतमा उक्त संरचना निर्माण गरेको हो । हेल्पडेस्क मार्फत नगरपालिकाबाट प्रदान हुने सेवा प्राप्त गर्नका लागि आवश्यक पर्ने कागजातहरू एवं सेवा प्रदान् गर्ने कर्मचारी शाखा कोठा नम्बरबारे जानकारी गराइने छ । त्यस्तै सेवा प्राप्तिको लागि पेश गर्नु पर्ने निवेदनहरू निःशुल्क रूपमा उपलब्ध गराइनेछ । सो का लागि आवश्यक पर्ने निवेदनको ढाँचा एवं स्रोत साधनको समेत व्यवस्था गरिनेछ । हेल्पडेस्क आगामी तिहार पर्व अगावै सञ्चालनमा ल्याउने गरी काम अगाडि बढाइएको छ ।

# गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थल भैरहवामा भगवान बुद्धको मुर्ति स्थापना एवम् अनावरणबारे सरोकारवालाहरूको बैठक सम्पन्न

भैरहवा स्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवा आयोजना कार्यालयमा राष्ट्रिय सभाका सम्मानिनिय अध्यक्ष गणेश प्रसाद तिमिल्सिनाज्युको प्रमुख आतित्थ्यतामा लुम्बिनी सास्कृतिक नगरपालिका, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यालय भैरहवा र लुम्बिनी गार्डेन फाउन्डेसन नेपाल /स्पेनको सयुक्त बैठक भैरहवामा सम्पन्न भएको छ । सो बैठकमा लुम्बिनी साँस्कृतिक नगरपालिकाका नगर प्रमुख मनमोहन चौधरी,रूपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारी, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल भैरहवाका आयोजना प्रमुख प्रवेश अधिकारी र लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका President Jose Manuel Vilanova Aleman, उपाध्यक्ष सामाजिक अभियन्ता गोविन्द प्रसाद सुवेदी, महासचिव एकराज गिरि, स्पेनिस डा. हरू ४ जना, लुम्बिनी साँस्कृतिक नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भुपेन्द्र पाण्डेय, लेखा अधिकृत रामचन्द्र अर्याल र समन्वय अधिकृत तुलसीराम लामिछाने लगायतको सहभागिता रहेको थियो । बैठकमा लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गार्डेन फाउन्डेसनको पहलमा म्यानमारबाट प्राप्त जेड स्टोन धातुको बुद्ध मुर्ति राख्ने उपयुक्त स्थानको निरीक्षण गरि सोको संरचना बारे छलफल भै बुद्धमुर्ति स्थापना एवम् अनावरण कार्यक्रमको सफलता पुर्व सम्पन्न गर्ने निर्णय गरि बुद्ध मुर्ति राख्ने फाउन्डेसन निर्माणको काम अगाडि बढाउन निर्देशन भएको थियो ।





**लुम्बिनी होटल संघ नेपाल लुम्बिनीको तेस्रो साधारण सभा बैठक एवम् दोस्रो अधिवेशनबाट निर्विरोध निर्वाचित अध्यक्ष गोविन्द ज्ञवालीको नेतृत्वको कार्यसमितिका सम्पुर्ण पदाधिकारीहरूलाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना ।**





# रोजगार सेवा केन्द्रबाट सम्पन्न भएका कार्यहरु

नेपालको संविधान २०७२ को धारार ३३ ले रोजगारीको हकलाई मौलिक हकको रूपमा समावेश गरेको अवस्थामा सो मौलिक हकको कार्यान्वयन गर्न रोजगारी हक सम्बन्धित ऐन २०७५ र रोजगारीको हक नियमावली २०७५ जारी भएको छ । सो ऐनले प्रत्येक स्थानिय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरि बेरोजगारहरूको पहिचान र सूचीकरण गर्ने तथा रोजगार सेवा केन्द्रमा सूचिकरण गर्ने तथा रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा अधिकतम १०० दिनको रोजगारीको प्रत्याभूति गरेको छ । यस नगरपालिकामा २०७५ साल फाल्गुन २९ गते देखि औपचारिक रूपमा रोजगार सेवा केन्द्रको स्थापना भइ संचालनमा रहेको छ । ऐन नियमावलीमा भएको व्यवस्था अनुसार आ.व. २०७७/०७८ मा निवेदन दिएका ३७१ मध्ये १२२ लाई आगामी आ.व. २०७७/०७९ मा न्यूनतम १०० दिनको रोजगारीमा समावेश गर्ने कार्यक्रम रहेको छ । त्यस्तै बेरोजगार युवायुवतीहरूको स्थानिय तहका लागि उपयुक्त हुने खालका तालिमहरू संघ र प्रदेशमा माग गरि पत्र पठाइएको छ ।

यस नगरपालिकामा कुल जना बेरोजगार व्यक्तिहरू सूचीकृत रहेका छन । सूचीकृत बेरोजगार व्यक्तिहरूलाई न्यूनतम रोजगारीमा समावेश गर्न युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना संचालन गर्न र कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनता संचालन गर्न बजेट विनियोजन गरिएको थियो । बेरोजगार व्यक्तिहरूलाई रोजगारीमा सामिल गराउन कुल १३ वटा रोजगारमुलक आयोजनाहरू संचालन गरिएको थियो । यस नगरपालिकाको सबै वडाहरूलाई समेटने गरी  बाटो मर्मत, नाली सरसफाई, कुलो र पोखरी सरसफाईका आयोजना संचालन गरि कुल ५२ लाख ४७ हजार ८ सय ८१ रूपैया खर्च भएको छ भने १३१ जना बेरोजगार व्यक्तिहरूले अधिकतम १०० दिनसम्मको रोजगारी प्राप्त गरी कुल ९७६८ दिनको रोजगारी प्राप्त गरेका थिए । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट निरक्षर दलित मुस्लिम र महिलाहरूलाई यो आर्थिक वर्षमा रोजगारी प्रदान गरिएको थियौ ।

शोभाखर पौडेल- रोजगार संयोजक
विवेक प्रसाद वर्मा -प्राविधिक सहायक

# लोकसेवा आयोगको तयारी कक्षामा उत्साहजनक सहभागिता



लुम्बिनी साँस्कृतिक नगरपालिकाको आयोजनामा सञ्चालित लोकसेवा आयोगको परीक्षा तयारी कक्षामा सहभागीहरूको उपस्थिती उत्साहजनक रहेको छ । राज्य संघीय शासन प्रणालिमा रूपान्तरित भइसकेको अवस्थामा हाल केन्द्रमा संवैधानिक निकायको रूपमा लोकसेवा आयोगले कर्मचारी भर्ना लगायतका कार्य गरिरहेको र सातवटै प्रदेशमा प्रदेश लोकसेवा आयोग गठन भइसकेको अवस्थामा कर्मचारी भर्नाका कार्यहरू निरन्तर अघि बढ्न सक्ने देखिएकोले पनि थुप्रै युवाहरू लोकसेवा आयोगले लिने परीक्षाको तयारीमा लागेको पाइन्छ । तिस कार्यदिन तोकेर सञ्चालित कक्षामा जम्मा २० जना उम्मेद्वारलाई मात्र सहभागी गराउने गरी कक्षा सुरू गरिए पनि युवाहरूको माग र अपेक्षालाई ध्यानमा राखेर ६० जना भन्दा बढिलाई तयारी कक्षाबाट लाभ लिने गरी आवश्यक व्यवस्था गरिएको छ । उक्त कक्षालाई प्रभावकारी एवं नतिजा उन्मुख बनाउनको लागि विषयगत विज्ञको रूपमा स्रोत व्यक्तिहरूको समेत व्यवस्था गरिएको छ । नगरपालिकाले जिल्लामा उपलब्ध विषय विज्ञका अतिरिक्त काठमाण्डौबाट समेत विज्ञ प्रशिक्षक आमन्त्रित गरेर कक्षा सञ्चालनको प्रबन्ध गरेको छ ।

विचार/दृष्टिकोण

# विवाह गर्ने उपयुक्त उमेर र पहिलो बच्चा कहिले :

## स्वास्थ्य शिक्षा, व्यावहार परिवर्तन तथा चेतना अभिबृद्धि सम्बन्धि स्वास्थ्य संबाद लेख रचना :



भोजराज पोखेल

"नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पहिलो पटक गर्भवति हुन २० देखि ३० बर्षको उमेर उपयुक्त हुन्छ । भने कानुनी रूपमा विवाह गर्न महिला र पुरुष दुबै कम्तिमा २० बर्ष पुरा भएको हुनुपर्दछ" महिलाको लागि २० देखि ३५ बर्ष र पुरूषको लागी २० देखि ४०/४५ बर्ष सम्मको उमेर उपयुक्त मानिन्छ । त्यसैले उमेर २० बर्ष पछाडी र ३० बर्ष अगाडि पहिलो बच्चा जन्माउनु महिलाको लागि बच्चा जन्माउने निकै राम्रो उमेर मानिन्छ ।

**प्रस्तोता** : विवाह गर्ने उपयुक्त उमेर कति हो ?

**बिषय बिज्ञ** : सामान्य भाषामा भन्नुपर्दा २० बर्ष पारी अनि बिहेबारी भन्ने भनाई स्वास्थ्यको नाराकै रूपमा चलेको पाईन्छ । विभिन्न तथ्याङ्क हरूको आधारमा भन्नुपर्दा १९५० देखी १९६० मा २३ बर्षका पुरूष र २० बर्षका महिला १९६० देखी २००३ मा २७ बर्षका पुरूष र २५ बर्षका महिला अनि हालको तथ्याङ्कको आधारमा २५ बर्षका महिला र २६ बर्षका पुरूष हरूको उपयुक्त उमेर भन्ने भेटिएका छन् । भने कानुनि रूपमा पनि बिबाह गर्ने उपयुक्त उमेर महिला र पुरूष दुबै २० बर्ष उमेर पुर्ण रूपमा पुरा भएको हुनु पर्दछ ।

**प्रस्तोता** : बिहे किन २० बर्ष उमेर पुरा भैसकेपछि मात्र गर्ने ? यसोगर्दा के फाईदा हुन्छ ?

**बिषय बिज्ञ** : बिबाह २० बर्ष उमेर पुरा भैसकेपछि गर्दा महिला र पुरूष दुबैको शारिरिक परिपक्कता पुर्ण रूपमा हुनुको साथै प्रजनन अंगहरू परिपक्क रूपमा बिकसित हुन्छन । साथै उनिहरू बिबाहको बारेमा बुझ्न शारिरिक र मानसिक रूपमा परिपक्क हुन सक्ने र बिबाहलाई आफ्नो एउटा सकरात्मक मार्ग रेखाको रूपमा समेत लैजान सक्ने हुनाले बिहे २० बर्ष पछि गर्नु उपयुक्त मानिन्छ ।

**यसका फाईदाहरू :**

१. महिला तथा पुरूष दुबैमा शारिरिक परिपक्कता आउछ ।
२. प्रजनन अंगहरूको पुर्णरूपमा बिकसित भैसकेको हुन्छ ।
३. परिवारको योजना बनाउन सक्ने क्षमताको बिकास भैसकेको हुन्छ ।
४. महिला तथा पुरूष दूबै आफुमा आत्मनिर्भर भैसकेका हुन्छन ।
५. पुर्ण रूपमा स्वस्थ र तन्दुरुस्त बच्चा जन्मिन्छ ।
६. शारिरिक, मानसिक, सामाजिक पारिबारिक तथा संम्बेगात्मक रूपमा परिपक्क भैसकेको हुनाले अन्य खालका नकरात्मक समस्या हरूमा भ्फेलिनु पर्दैन ।

**प्रस्तोत** : पहिलो बच्चा कहिले जन्माउने ?बच्चा जन्माउने योजना कसरि बनाउने ? यो किन जरूरी छ ।

**बिषय बिज्ञ** : "नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पहिलो पटक गर्भवती हुन् २० देखि ३० बर्षको उमेर उपयुक्त हुन्छ । भने कानुनि रूपमा बिबाह गर्न महिला र पुरूष दुबै कम्तिमा २० बर्ष पुरा भएको हुनुपर्दछ" महिलाको लागि २० देखि ३५ बर्ष र पुरूषको लागि २० देखि ४०/४५ बर्षसम्मको उमेर उपयुक्त मानिन्छ । त्यसैले उमेर २० बर्ष पछाडी र ३० बर्ष अगाडि पहिलो बच्चा जन्माउनु महिलाको लागि बच्चा जन्माउने निकै राम्रो उमेर मानिन्छ । दुबै दम्पतिले आफ्नो जिबनको उपयुक्त समय छानी आफ्नो पढाई, काम कार्य जागिर ब्यापार आदि दिनचर्याका कार्यलाई मध्यनजर गरेर बच्चा कहिले जन्माउने, कति जन्माउने, कहाँ जन्माउने, कसरी जन्माउने र जन्मान्तर कति राख्ने भन्ने बारेमा योजना बद्वतरिकाले बच्चा जन्माउने योजना बनाउन सकिन्छ । योजना बनाउन जरूरी छ । किनकि कुनै पनि काम पुर्व योजना बिना गर्दा कार्य सफलता गराउन अनेक समस्या आईपर्ने र योजना बद्वतरिकाले गरिएका कार्यहरू सजिलै सफलताका साथ सम्पन्न हुनेहुदाँ योजना बनाउनु जरूरी छ ।

**प्रस्तोता** : २० बर्ष उमेर पुरा नभैकन पहिलो गर्भधारण गर्दा आमा र बच्चाको स्वास्थ्यमा के कस्ता जटिलताहरू आउँद छन् ।

**बिषय बिज्ञ :** २० बर्ष उमेर पुरा नभैकन पहिलो गर्भधारण गर्दा आमा मा निम्न जटिलता हुनसक्दछन ।

**क. शारिरिक जटिलता :** धेरै टाउको दुख्नु, अत्यान्तै पेट दुख्नु, हिडडुल गर्न अत्यान्तै असजिलो हुनु, हात खुट्टा अररो भै काम्ने वा मुर्छापर्नु निकै कडारूपले तल्लो पेट दुख्नु । पाठेघर रप्चर हुनु, बच्चा जन्माउँदा योनिद्वार च्यातिनु आदि ।

**ख. मानसिक जटिलता :** डर लाग्नु, चिन्ता लिईरहनु, एककोहोरो हुनु, जस्ता दिर्घकालिन असरहरू देखिन सक्दछन ।

**बच्चामा हुने जटिलता :**

क. गर्भावस्थामा कुपोषण र अन्य कारणले शिशुमा अपाङ्गता हुन सक्दछ ।

ख. अपाङ्गताहरूमा डाउनसिन्ड्रोम, पैतला अथवा हात बाँङ्गीनु ।

ग. बहिरोपन, मोतिबिन्दु, ओठ काटिएको, मुटु सम्बन्धि समस्या आदि देखिन्छन ।

घ. पाठेघर सानो भएको आमाहरूको कारणले बच्चाको बृद्विबिकास पुर्ण रूपमा हुन सक्दैन ।

**प्रस्तोता :** पारिवारिक व्यवस्थापनको दृष्टिकोणले २० बर्ष अगाडि बच्चा जन्माउँदा के कस्तो समस्या वा जटिलता आउन सक्दछ ।

**बिषय बिज्ञ :** १. शारिरिक समस्या : आमालाई दिर्घकालिन रूपमा स्वास्थ्य समस्या देखिदा उपचार गर्दा लगातार शरिर कमजोर हुने जस्ता समस्या । २. आर्थिक समस्या : लगातारको उपचारमा पैसा खर्चहुने । आर्थिक पाटोमा कमजोर बनिने । ३. मानसिक समस्या : सधै चिन्तित, डर त्रास भैरहने, पारिवारिक जटिलता समेत आउने । ४. पारिवारिक योजना अनुसार कार्यगर्न नसकिने । ५. पारिवारिक झन्झट, चिन्ता, तनाब अनि बैमनास्यता समेत उत्पन्न हुन सक्दछ ।

**प्रस्तोता :** बिहेबारी र बच्चा २० बर्ष पछि गर्दा हुने पारिवारिक फाईदा के के हुन सक्दछन ।

**बिषय बिज्ञ :** बिहेबारि र बच्चा २० बर्ष पछि गर्दा निम्नानुसारका पारिवारिक फाईदा हुनसक्दछन् ।

१. निरोगी परिवार २. सुखि परिवार ३. खुसि परिवार ४. आर्थिक रूपमा सम्बृद्वि ५. शिक्षा दिक्षा र चेतना बृद्वि गर्न सजिलो ६. योजनाबद्व कार्यले गर्दा पारिबारिक झैंझगडा बैमनस्यता आदिबाट टाढा रहन सकिने । ७. आमा बच्चा र परिबारलाई नै शारिरिक, मानसिक, सामाजिक, पारिवारिक र संम्बेगात्मक रूपमै सफलता हाँसिल हुने ।

अन्त्यमा : भौतिक दुरी कायम राखौं, बेलाबेलामा साबुन पानीले मिचिमिचि हात धोऔं वा गुणस्तरिय सेनिटाइजरको प्रयोग गरौं । भिडभाडमा जाँदा अनिवार्य माक्सको प्रयोग गरौं, सुरक्षित रहौं, आफु बचौं र अरूलाई पनि बचाऔं । कोरोनाको बिरूद्वमा अफबा नफैलाऔं । सकरात्मक सोंचको विकास गरौं ॥

२०७८ शालको नेपालिहरूको महान चाड बिजया दशमी शुभ दिपावलि नेपाल संबत र छड पर्बको शुभ अबसरमा सम्पुर्ण नेपालि आमाबुबा दाजुभाई दिदि बहिनीहरूमा सु. स्वास्थ्य, दिर्घायु, सुखशान्ति, संम्बृद्विको साथै उत्तरोत्तर प्रगति को कामना सहित मंगलमय शुभकामना व्यक्त गर्दछु ॥

भोजराज पोखेल
स्वास्थ्य शिक्षा अधिकारी तथा स्वास्थ्यकर्मी
लुम्बिनी साँस्कृतिक नगरपालिका लुम्बिनी रूपन्देही

धन्यवाद ।

# सहकार्य संस्था लुम्बिनी गार्डेन फाउन्डेसनको कार्यालय निरिक्षण

लुम्बिनी साँस्कृतिक नगरपालिकाका नगर प्रमुख मनमोहन चौधरी, लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका अध्यक्ष/President Mr. Jose Manuel Vilanova Aleman, उपाध्यक्ष गोविन्द सुबेदी, महासचिव एकराज गिरि सदस्य सृजना खनाल र समन्वय अधिकृत तुलसी राम लामिछानेले लुम्बिनी गार्डेन फाउन्डेसनको कार्यालय भ्रमण भै नगरपालिका र फाउन्डेसन बीच समन्वय सहकार्य बारे छलफल गर्नुभएको छ



# गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (मेडेपा)

- दिपा कुमारी वली
उद्यम विकास सहजकर्ता

गरिबको रेखामुनी रहेका परिवारहरूका लागि स्थानिय स्रोत साधन परिचालन गरी स्थानिय स्तरमा नै उद्यमशिलता विकास मार्फत्रोजगारी सिर्जना गर्ने उद्देश्यले वि.स. २०५५ देखि वि.स. २०७५ सम्म लघु उद्म विकास कार्यक्रम (MEDEP) सञ्चालनमा रहेको थियो । MEDEP ले गरिविको रेखामुनी रहेका वर्गलाई लघु उद्यम बनाई स्वरोजगार तथा रोजगारी सिर्जना गर्ने लघु उद्यम विकास मोडेलको विकास गर्‍यो । लघु उद्यमविकास मोडेलको प्रयोगबाट लक्षित वर्गलाई उद्यममा आबद्ध गराई उनीहरूको जीवनस्तर उकास्न सहयोग पुगेकोले यस मोडेललाई नेपाल सरकारले आफनो कार्यक्रमको रूपमा आन्तरिकिकरण गरी गरिबि निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (MEDEPA) को रूपमा आ.ब. २०६६/६७देखी सञ्चालन गरी रहेकोमा आर्थिक बर्ष २०७७/७८ देखि मेडेपा कार्यक्रम नेपाल सरकारको सशर्त अनुदानमा देशका ७५३ बटै स्थानिय तह मार्फत कर्यान्वयन हुने गरी सञ्चालनमा छ । यस अन्तर्गत यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा पनि उक्त कार्यक्रम सञ्चालनमा छ ।

**आ.ब. २०७८/७९ नया उद्यमि सिर्जना तर्फ**

वडा नम्बर ७ र १२ मा कार्यक्रम सञ्चालन गरिनेछ । कम्तिमा ८५ जना नयाँ लघु उद्म सिर्जना हुनेछन् ।

**उद्यमी छनौटका आधारहरू**

- गरिबिको रेखामुनी रहेका नेपाली नागरिक ।
- बैदेशिक रोजगारीबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका ।
- विगतमा लघु उद्म स्थापनाका लागी गरिएको सहयोग मध्य यस अघि आशिक सहयोग मात्र प्राप्त गरी सञ्चालनमा नआएका तर थप सहयोग प्राप्त भएमा सञ्चालन हुन सक्ने सम्भावित लघु उद्यमी ।
- हाल सञ्चालनमा नआएको भएतापनी भविष्यमा सञ्चालन गर्न सम्भावना भएको लघु उद्म सङ सम्बन्धित सेवा लिन ईच्छुक व्यक्तीहरू ।
- लक्षित समुह कम्तिमा पनी ६०प्रतिशत महिला र १६-४० बर्षका युवाहरू समाबेश हुनेछन् ।

**व्यवसाय छनौटका आधारहरू**

- उद्म विकासको सम्भाव्यता
- लक्षित समुहको चाहाना तथा माग
- बजार माग

**क्रियाकलापहरू**

१. सामाजिक परिचालन
२. उद्मशिलता तालिम
३. सिप विकास तालिम
४. लघवित्तमा पहुच
५. उपयुक्त प्रविधिमा पहुच
६. बस्तु वा सेवा बजारीकरण तथा व्यवसाय परामर्श

**आ.ब. २०७८/०७९ उद्मी स्तरोन्नती तर्फ**

४० जना लघु उद्यमीलाई समाबेश गरी आवश्यकता अनुसार स्तरोन्नती गरिने र ५ जनाको समुहमा प्रविधि हस्तान्तरण गरिने ।

## महिला तथा बालबालिका शाखाको असोज महिनाको प्रगति

- लुम्बिनी साँस्कृतिक नगरपालिकामा २०७८/६/१५ गते सबै उमेर समुहको लागि विद्युतिय प्रयोगमा समानता भन्ने मुल नाराका साथ ३१ औं अर्न्तराष्ट्रिय ज्येष्ठ नागरिक दिवस मनाइयो । सो कार्यक्रममा लुम्बिनी साँस्कृतिक नगरपालिकाका ३० जना ज्येष्ठ नागरिक, नगर प्रमुख, नगर उपप्रमुख र कर्मचारी गरि ४५ जनाको उपस्थिती थियो
- लुम्बिनी साँस्कृतिक नगरपालिका अर्न्तगतका अपाङ्गहरूलाई क वर्ग (रातो) ११ जना, ख वर्ग (निला) १२ जना, ग वर्ग (पहेलो) ७ जना र घ वर्ग (सेतो) ४ जना गरीलाई कुल ३४ जनालाई अपाङ्ग परिचय पत्र वितरण गरियो ।

विचार/दृष्टिकोण

# बुद्ध दर्शनमा आजीविकाका निम्ति निषेधित व्यापारहरू



**गजेन्द्र गुप्ता**
प्रशासकीय अधिकृत, लुम्बिनी बौद्ध विश्वविद्यालय

### १ परिचय

प्रदेश नं. ५ रुपन्देही जिल्लाको लुम्बिनी साँस्कृतिक नगरपालिका भित्र पर्ने लुम्बिनी वनमा ईसा पूर्व ५६३ मा सिद्धार्थ गौतमको जन्म भएको थियो । तीन असंख्य कल्पदेखि बोधिचर्याको अभ्यास गर्दै सिद्धार्थ गौतम २९ वर्षको उमेरमा गृह त्याग गरी ३५ वर्षको उमेरमा बुद्धत्व (ज्ञान) प्राप्त गरी बुद्ध भएका थिए । बुद्धले ४५ वर्ष सम्म अनवरत रुपले लोककल्याणकारी कालजयी धर्मको प्रचार गरेका थिए । बिमुक्तिको श्रेष्ठ मार्ग आर्यअष्टाङ्गिक मार्ग हो र सम्यक् आजीविका आर्य अष्टाङ्गिक मार्गको पाँचौ सोपान हो । यस अलेखमा सम्यक् आजीविकाको वारेमा वर्णन गरिएको छ । गृहस्थहरुका निमित्त बुद्धले निम्न पाँच कुराको ब्यापार गरेर जीविका चलाउनु मिथ्या (गलत) आजीविकाभनेका छन् । यस्तो आजीविका लाई बुद्धले मिथ्या आजीविका भनेर वर्जित गरेका हुन । यस्ता किसिमको आजीविका बाट बचेर अन्य ब्यवसाय द्वारा जीवन चलाउनु 'सम्मक् आजीविका' हो ।

### १.१ विषको व्यापार

समान्यतय विषको प्रयोग हत्या, किरा नियान्त्रण र आत्महत्यामा प्रयोग गरेको देखिन्छ । यसरी विषको कारणले वार्षेनी लाखौँ लाखको संख्यामा मानिसहरु ज्यान गुमाईरहेको देखिन्छ । यसको प्रत्यक्ष र अप्रत्यक्ष दुवै रुपले असर देखिन्छ । यसले मानिस, वन्यजन्तु, विभिन्न प्रकारका राम्रा किराहरु जस्तै मौरी आदीलाई पनि नोकसान गरिरहेको देखिन्छ । किटनासक औषधीको प्रयोग गर्ने मानिसहरु वा त्यो पेशामा संलग्न मानिसहरुको छाला, अनुहार, हात, घाँटी, छाती, शरीरको विभिन्न भागमा क्यान्सर जस्ता समस्याको सिकार भएको देखिन्छ । यसले हरितगृह प्रभाव पनि पारेको देखिन्छ । यो विभिन्न माध्यमले अप्रत्यक्षरुपले मानिसको शरीर भित्र प्रवेश गरिरहेको हुन्छ । हावा, पानी, माटो, खानेसमाग्री, विरुवाहरु जनावरहरु आदि माध्यम हन् ।

यसरी विषको प्रयोग आधुनिक समयमा धेरैमात्रामा गरेको देखिन्छ । यो मानवको लागि मात्र नभएर समस्त जीवको प्र्यावरणमा प्रत्यक्ष वा अप्रत्क्षरुपले असर पारिरहेको कुरा विभिन्न प्रतिवेदनहरुले प्रष्ट पारेको देखिन्छ । यसकारण आज भन्दा करीब २६०० वर्ष अगाडी सम्यक् आजीविकाको लागि विषको व्यापार लाई निषेध गरी महाकरुणीक शाक्यमुनि बुद्धले समस्त प्राणीमाथि उपकार गरेको देखिन्छ ।

### १.२ हातहतियारको व्यापार

हातहातियारको प्रयोग विभिन्न युद्धहरुमा गर्ने भएकोले यसलाई युद्ध समाग्री पनि भनिन्छ । फराकिलो सन्दर्भमा भन्ने हो भने एक शत्रु माथि रणनीतिक, भौतिक तथा मानसिक फाइदा हासिल गर्न प्रयोग गरेको देखिन्छ ।जे-जस्तो उद्देश्यका लागि यी हातहतियारको निर्माण गरेपनि अखिर त्यसले जीवधनको क्षति नै गर्छ । यसद्वारा मानिस मानिसलाई नै मारिरहेको हुन्छ । एक देशले अर्को देशलाई आफ्नो शक्ति प्रर्दशनको लागि खर्बौ डालर नासिरहेको छ । आज पनि विश्वमा विभिन्न कारणले एक देशले अर्को देश सँग झै झगडा गरीरहेको देखिन्छ । हरेक देशमा विभिन्न किसिमको अतंककारी संगठनहरु दिनहु घृणित कार्यहरु गरिरहेका छन् । यदि हातहातियार नभएको भए मानिसले हात वा लीले मात्र झगडा गर्दथे फलस्वारुप धनजनको क्षती हुदैन्थ्यो । हातहतियारमा लगानी गरेको रकम अन्य क्षेत्रमा लगानी गरी देशलाई समृद्धिको बाटोमा ल्याउन सकिन्थ्यो । यसकारण शाक्यमूनि बुद्धले सम्यक् आजीविका अर्न्तगत निषेध गरीएका हातहतियारको व्यापार एकदमै सार्न्दभीक देखिन्छ । यसलाई विश्वका हरेक मानवले पालन गर्न सक्यो भने सबैको कल्याणमा दुइमत छैन ।

### १.३ मद्यपानको व्यापार

मद्यपानको रुपमा कुनै पनि नशालुपर्दाथको सेवन गर्नु खराब कार्य मानिन्छ । कुनै पनि मानिस कुनै किसिमको जिम्मेवारी राम्रोसँग पालन गर्न नसकेको खण्डमा र कठिनाईहरुमा रक्सी

प्रयोग गरेको देखिन्छ । त्यस्तै साथीहरूको सँगतमा परेर पनि रक्सीको प्रयोग गरेको पाइन्छ ।रक्सीको प्रयोगले आज विश्वमा तबाहि मचाएको देखिन्छ । एक अध्ययनको अनुसार यसको प्रयोगले वार्षिक ३.३ मिलियन मानिसहरूको ज्यान गइरहको देखिन्छ । जुन कुल मृत्युको ५.९ प्रतिशत हुन आउँछ ।यसको प्रयोगले मानिसको आयु समान्य मानिस भन्दा १० वर्षले कम हुन्छ । संयुक्त राज्यअमेरिकामा सबैभन्दा बढी चाँडै मृत्यु हुनुमा रक्सी प्रमुख कारणको रूपमा लिएको छ ।यो मिर्गी, हृदयरोग, पोषक तत्वको कमी, मादक मनोभ्रंश, पागलपन, पेप्टिक अल्सर, यौन रोग जस्ता रोगहरूको प्रमुख कारण पनि मानिन्छ । त्यसै गरी समाजिक अपमान, बाल उत्पीडन, घरेलु हिंसा, बलत्कार, चोरी, तथा बैवाहिक जीवनमा तनाव जस्ता समस्याहरूयसले देखा पर्छन् ।यसरी मद्यपानमा लाग्ने मानिसको आफूसित भएका सम्पत्तिहरु विनाश हुन्छन् । नभएका सम्पत्तिहरु पनि हुन सक्दैनन् । मुखले कुवचन र शरीरले झै-झगडा बढछ । मद्यपान गरी आमाबाबुहरूलाई समेत पिट्छन् । गर्न नहुने काम पनि गर्छन् । जुन शरीरको अङ्गप्रत्यङ्ग देखिदा लज्जा हुने हो त्यस्तो अङ्गप्रत्यङ्ग पनि देखाउँदै निर्लज्जी हुन्छन् । यस कारण निन्दा, दण्ड, हातखुट्टा काटिने आदि कर्म भोगनुपर्ने हुन्छ । मादक पदार्थको सेवनले मानिसमा मानविय गुण हराउँछ । ऊ पशु भन्दा पनि खराब चरित्र प्रदर्शन गर्दछ । बुद्ध धर्म अनुसार मानव जीवनलाई अति उत्तम जीवनको रूपमा मानिएको देखिन्छ । त्यस्तो जीवनलाई अरूको कल्याण कार्यमा समार्पित गरियो भने मात्र सार्थक हुन्छ । त्यसको लागि यसको संरक्षण गर्न नितान्त अवश्यक हुन्छ । यसकारण यसलाई संरक्षण गर्न मादक पदार्थको सेवन बाट मुक्त हुनु पर्छ । यसलाई सम्यक् आजीविकामा निषेध गरिएको छ । यसको निषेधले मानिस यसबाट सिर्जीत समस्याबाट मुक्त हुन्छ । उ प्रज्ञावान हुन्छ । राम्रो कार्यको अनुसरण गरी अगाडी बढ्छ । फलस्वारूप आफ्नो चरित्रलाई सुधार गरी जीवनलाई सम्यक् बनाउँछ । तब मात्र वास्तविक सुख र शान्ति महसुस गर्न सकिन्छ ।

**१.४ मासुको व्यापार**

मासु प्राप्त गर्नको लागि कुनै न कुनै जीवको हत्या गर्नै पर्छ । यसलाई प्राणीहिंसा नै भनिन्छ । जैन धर्ममा प्राणी हिंसा निषेध गरीएको पाइन्छ । त्यस्तै हिन्दु धर्ममा पनि प्राणी हिंसा नगर्न उल्लेख भएको देखिन्छ । शाक्य मुनि बुद्धले पनि प्राणी हिंसा निषेध गरेको छन् । वास्तवमा मासुको व्यापार मानिसहरु जे-जस्तो कारणले गरेपनि यसबाट धेरै दुष परिणामहरु भोगनु पर्ने देखिन्छ । आज विश्वमा मुटु रोग, मधुमेह, क्यान्सर विकराल रूप लिईरहेको आवस्थामा यसको सेवन उचित देखिदैन् । प्राणी हिंसाले मानिसलाई करूणा बाट विरति गर्छ । यसकारण ऊ निरकुशं भई नरकको भागी हुन्छ । त्यसैले माछा मासुको सेवन गर्नु र व्यापार गर्नु प्रकृतिको विरूद्ध देखिन्छ । यस बाट मुक्त भएर आजीविका सञ्चालन गर्नु आजको अवश्यकता भएको देखिन्छ ।

**१.५ प्राणीको व्यापार**

आज आधुनिक युगमा मानव प्रज्ञावान भएकोले सर्वश्रेष्ठ प्राणीको रूपमा चिनिएको छ । त्यही सर्व श्रेष्ठ प्राणीले जनावरको विरूद्धमा विभिन्न कृयाकलापहरु गरिरहेको पाइन्छ । आज जनावरहरूको प्रयोग विभिन्न किसिमको अनुसन्धानको लागि गरिएको पाइन्छ । तिनीहरूको जीवनको प्रवाह नै नगरी विभिन्न किसिमको अनुसन्धानमा प्रयोग गरिन्छ । विभिन्न विश्वविद्यालयहरूमा, मेडिकल स्कुलहरूमा, औषधी कम्पनीहरूमा, रक्षा प्रतिष्ठानहरूमा जनावरहरूलाई अनुसन्धान कार्यहरूमा प्रयोग गरेको देखिन्छ ।हत्ती, घोडा, सिंह लगायतका अन्य जनावरहरु मानिसको मनोरञ्जनको लागि प्रयोग भइरहेका छन् । जस्तै सर्कस, चिडिया घर, कुकुर लडाई, शिकार, माछा समात्नु, घोडा दौड, हत्ती दौड आदि । मासुको लागि कुखुरा, भेडा, बाखा, लगायत अन्य जनावरलाई पालन गरिन्छ । जुन पशु अधिकारको विरूद्धमा छ ।

शाक्य मुनि बुद्धले सबै लाई करूण भावले हेर्दथे । उनले देवदत्त द्वारा वाण हानीएका जनावरको उपचार गरी मानव धर्म प्रर्दशन गरेका थिए । त्यस्तै शिल्प प्रर्दशन गर्ने क्रममा कसैद्वारा घोडसवारी गर्न नसक्ने घोडा माथि कारूणद्वारा घोड सवारी गरेका थिए । यसकारण हामी मानवले मानवता प्रर्दशन गरी मानव अधिकारको संरक्षण गरेझै जनावर अधिकारको विश्वव्यापीरूपमा संरक्षण गर्नु पर्छ ।

यी पाँच कुराहरूबाट आजीविका चलाउनु मिथ्या (गलत) आजीविका हुन्छ ।

# निशुल्क स्वास्थ्य शिविर सम्पन्न





लुम्बिनी साँस्कृतिक नगरपालिका र लुम्बिनी गाडेन फाउन्डेसन, स्पेनको संयुक्त आयोजनमा स्पेनिस स्त्रीरोग विशेषज्ञ डाक्टरहरू, लुम्बिनी प्रादेशिक अस्पताल बुटवल र युनिभर्सल कलेज अफ मेडिकल साइन्सेस भैरहवाका विशेषज्ञ डाक्टरहरू सहितको प्राविधिक सहयोगमा लुम्बिनी साँस्कृतिक नगरपालिकामा रहेका स्थानिय डाक्टरहरू, स्वास्थ्यकर्मीहरू, जनप्रतिनिधिहरू, संघसस्थाहरू, सुरक्षा कर्मिहरू, सहयोगी कर्मचारीहरू, लिडस कलेजका विद्यार्थिहरू, समाज सेविहरू सन्चारकर्मिहरू तथा सेवा ग्राहिहरू समेतको सहभागीतामा लुम्बिनी प्राथमिक स्वास्थ्य केन्द्र, लुम्विनीमा स्त्री तथा प्रजनन स्वास्थ्य सम्बन्धि निशुल्क स्वास्थ्य शिविर मिति २०७८/०६/१५ गतेका दिन नगर प्रमुख श्री मनमोहन चौधरीज्यु को अध्यक्षतामा कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय सभाका सम्माननिय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाज्युले शिविर समुद्घाटन गर्नु भएको थियो । विशिष्ट अतिथिहरू लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेश कुमार त्रिपाठी मेत्तया भन्ते, लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका अध्यक्ष जोसे मानुयल भिलानोभा, उपाध्यक्ष गोबिन्द सुवेदी, माहासचिव एकराज गिरि, लगायतको उपस्थिति थियो । मिति २०७८/०६/१६ देखि १८ गते सम्म ३ दिनसम्म सन्चालन भै सम्पान्न भएको थियो । ४ दिन सम्म संचालित शिविरबाट जम्मा ८५९ जनाले विभिन्न सेवा तथा औषधि प्राप्त गर्नु भएको छ । जस्मा महिला -७४६ र पुरूष -११३ जना थिए यस मध्ये २३५ जना महिलाको प्रजनन स्वास्थ्य सम्बन्धी विशेष समस्या का विभिन्न रोगको निदान तथा उपचार भएको छ भने मध्ये ४ जनाको पाठेघर खसेको समस्याको र १ जनाको फिस्टुला अप्रेसन गर्न पर्ने बिरामी रहेका थियो । अन्य ४ जना, पाथेघरका अन्य समस्याको अप्रेसन गर्ने खालका रहेका बिरामीको निदान भयो । महिलाका अन्य समस्याका जेनरल मेडिसिन सेवा लिने -३९३ जना रहेका थिए, १४० जनाले USG सेवा ,१०६ जनाले ल्याब सेवा,२३ जनाले ECG सेवा १५६ जनाले सर्जिकल समस्याको जांच सेवा, अन्य विभिन्न सेवा तथा परामर्श लिने ७५ जना थिए । ४ दिन सम्म सन्चालित शिविरमा आई महिलाका बिभिन्न समस्याको निदान गराई औषधि तथा परामर्श लिनु भएको थियो ।

लुम्बिनी गार्डेन फाउन्डेसन स्पेनका स्पेनिस डा. हरूबाट निशुल्क सेवा, औषधी र स्वास्थ्य सम्बन्धि मेशिनरी सामाग्री प्राप्त भएको छ ।





**लुम्बिनी स्वास्थ्य शिविरका अप्रेसन गर्नु पर्ने बिरामीहरू अप्रेसन गर्नु हुँदै सहकार्य संस्था लुम्बिनी गार्डेन फाउन्डेसनका स्पेनिस डा. र लुम्बिनी प्रादेशिक अस्पताल बुटवलका डा. हरु**










## लुम्बिनी साँकृतिक मासिक बुलेटिन

**सल्लाहकारहरू:**

**श्री मनमोहन चौधरी**
नगर प्रमुख

**श्री जानकीदेवी श्रीवास्तव**
नगर उपप्रमुख

**प्रधान सम्पादक**

**श्री भूपेन्द्र पाण्डेय**
प्रमुख प्रशासकीय अधिकृत

सम्पादक/भाषा सम्पादक

**डा. कुल प्रसाद खनाल**
उप-सचिव

**बुलेटिन सम्पादक मण्डल**
श्री रामचन्द्र अर्याल लेखा अधिकृत
श्री अशोक पाण्डेय शाखा अधिकृत
श्री तुलसीराम लामिछाने समन्वय अधिकृत
श्री रूद्र पुरी सूचना प्रविधि अधिकृत
श्री आशिष यादव ईन्जिनियर
श्री सोभाखर पौडेल रोजगार संयोजक

**प्रकाशक:**

## लुम्बिनी साँस्कृतिक नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
लुम्बिनी, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल
फोन नं. ०७१-५८०३०५, ५८०३५०
ईमेल: lumbiniculturalmunicipality@gmail.com
वेवसाईट: https://lumbinisanskritikmun.gov.np